annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८४ पृष्ठ ८ | काठमाडौं, बिहीबार १० साउन २०८१ | साउन कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | THURSDAY, JULY 25, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

दुर्घटनाग्रस्त जहाजको भग्नावशेष। ● सुनिता डंगोल

## विमानस्थलमा सातौं दुर्घटना

# उड्नासाथ सौर्य एयरको विमान खस्दा १८ को मृत्यु

## चालक शाक्यको सकुशल उद्धार

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार दिउँसो ११ बजे ११ मिनेटमा सौर्य एयरलाइन्सको जहाज उड्नासाथ करिब ४ सय फिटमाथि गएपछि सन्तुलन बिग्रिएर भुइँमा बजारियो। घटनामा १८ जनाको मृत्यु भयो भने विमानका क्याप्टेन मनिष शाक्यलाई उद्धार गरिएको छ।

सुनिता कार्की | काठमाडौं

- को रिपोर्ट

समाचार पृष्ठ २

# यस्ता तस्बिर खिच्नै नपरोस्

अशोक दुलाल | काठमाडौं

मेरो घर नजिकैबाट हवाईजहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतर्फ जान्छ। बाल्यकालदेखि नै यो दृश्य हेरेर हुर्केको हुँ। कार्यालय पनि विमानस्थलनजिकै छ। हवाईजहाज उडेको अवतरण भएको कार्यालयबाटै देखिन्छ।

तर, बुधबार यही विमानस्थलमा मैले सौर्य एयरको जहाज दुर्घटनाग्रस्तपछि बीभत्स दृश्य देखें। अन्नपूर्ण पोस्ट्को फोटो पत्रकार भएकाले राजधानीमा हुने घटना दुर्घटनाको सधैं अपडेट हुन जरुरी हुन्छ। बुधबार बिहान त्रिभुवन विमानस्थलमा सौर्य एयरको जहाज दुर्घटना भएको सामाजिक सञ्जालमार्फत जानकारी पाएँ। मैले अन्नपूर्ण पोस्ट्को अनलाइन संस्करण हेरें। समाचार देखेपछि म झोलामा क्यामेरा हालेर घरबाट विमानस्थलतर्फ हानिएँ।

कोटेश्वर, जडिबुटी, पेप्सीकोला हुँदै अघि बढ्दा सडक सवारी चाप बढ्यो। फुटपाथमा यात्रुको पनि भीड देखिन थाल्यो। खहरे हुँदै गोठाटारतर्फ अघि बढ्दा रमिता हेर्नेहरूले सडक जाम थियो। यात्रुले फुटपाथ ठेलमठेल थियो। मुस्किलले गोठाटारनजिकै



दुर्घटनाग्रस्त जहाजको भग्नावशेष।

विमानस्थलको आन्तरिक जहाज पार्किङ पछाडि खोंचमा दुर्घटनाग्रस्त विमान बल्दै गरेको देखियो। सडकमा रमिते थिए। तारबारभित्र सेना अनि प्रहरी उद्धारमा खटिएका थिए। सर्वसाधारणसमेत शव तान्न, आगो निभाउन दमकलको पाइप घिच्चाइरहेका थिए। सुरक्षाकर्मीको अनुमतिपछि भित्र छिरें। जहाँ त्यही सरफमिश्रित फिजले सेताम्मे थियो। विमानका टुक्रा चारैतिर छरपस्ट थिए। हिलाम्मे जमिन र पानी पोखरी छल्दै तस्बिर खिच्न थालें।

सेना र प्रहरीहरूले शवहरू निकालिँदै थिए। शवका पोकाहरू देखें। आगोले जलेका मानिसका शरीर देख्दा दृश्य खिच्न मलाई साह्रै असजिलो भएको थियो। विमानस्थलमै पहिले भएका एयर बंगला र सीता एयरको दुर्घटनामा तस्बिर खिच्ने क्रममा आँखाको डिलसम्मै आँशु छछल्किएको थियो।

जस्ताले छाएको एउटा घरअगाडि विमानको मुख्य भाग बजारिएको थियो। विमानको पखेँटाको टुक्रा कान्लाभरि छरिएको थियो। विमानस्थलको डिलैमा ट्रान्सपोर्टको सामान बोक्ने ट्रकको कन्टेनरको बाकसमा विमानको कटपिट ठोक्किएर झन्डै ५० मिटर अग्लो कान्लोको बीचमा अडिएको थियो। कन्टेनर च्यातिएरभित्र कटपिटको भाग अड्किएको थियो। सुरक्षाकर्मीहरू सरसामान बाहिर निकाल्ने प्रयासमा थिए।

रनवेबाट चिप्लेर घाँसेमैदान हुँदै कन्टेनरमा ठोकिने क्रममा जमिनको माटो धस्सिएको थियो। नजिकै केही भवनहरू देखिन्थे। ती भवनमा ठोक्किएको भए झन् ठूलो क्षति हुन्थ्यो कि भन्ने डर लाग्यो। विमान कन्टेनरमा नठोकिएको खण्डमा बेगले बस्तीसम्मै पुग्थ्यो शायद।

» बाँकी पृष्ठ ३

## मृत्यु भएकामध्ये ३ जना विराटनगरका

जितेन्द्रनारायण ठाकुर | विराटनगर

बुधबार त्रिभुवन विमानस्थलबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा मृत्यु भएकामध्ये तीन जना विराटनगरका छन्। दुर्घटनामा मृत्यु भएका जहाजका को-पाइलट सुशान्त कटुवाल, इन्जिनियर अश्विन निरौला र सुरक्षा (सेफ्टी चिफ) सागर आचार्य विराटनगरका हुन्।

मृत्यु भएका कटुवाल विराटनगर-३ स्थित आयल निगम पूर्वका बासिन्दा भएको सौर्य एयरलाइन्स विराटनगरका स्टेसन म्यानेजर प्रकाश पौडेलले जानकारी दिए। दुर्घटनामा ज्यान गुमाएका को-पाइलट कटुवाल पूर्वजिल्ला शिक्षा अधिकारी ओमबहादुर कटुवालका एक मात्र छोरा हुन्।

दुर्घटनामा ज्यान गुमाउने इन्जिनियर निरौला पनि विराटनगरकै बासिन्दा हुन्। उनको घर विराटनगर-१ स्थित भूपालमानसिंह कार्की मार्गमा रहेको जनाइएको छ। तीर्थ निरौला र कल्पना निरौलाका एक मात्र छोरा अश्विन एरोनोटिक इन्जिनियर हुन्।

मृत्यु भएका सौर्य एयरका सुरक्षा (सेफ्टी चिफ) सागर आचार्य पनि विराटनगर-८ मधुमाराका बासिन्दा हुन्।

## ढुक्कसँग काम गर्ने अवस्था हुनुपर्छ



चन्द्रबहादुर शाह

इजलास

प्रदेश र संघ सरकारले बजेट निर्माण गर्दा सुरुवातदेखि नै समस्या देखिँदा त्यसको प्रत्यक्ष असर जिल्लामा काम गर्ने हामीजस्ता कार्यालयहरूलाई परेको छ। वर्षभरि काम गर्ने र आर्थिक वर्षको अन्तिममा आएर भुक्तानी दिन नसक्दा निर्माण व्यवसायीहरूलाई हामीले ढुक्कसँग काम गराउने अवस्था बनेको छैन। काम गर्ने तर भुक्तानी दिन नसक्दा त्यसको असर चौतर्फी रूपमा सबै क्षेत्रमा पर्ने गरेको छ।

सरकारले ठूला र गौरवका योजनाहरू सञ्चालन गर्ने हो भने सानातिना टुक्रे योजनाहरू ल्याउनु हुँदैन। घाटा बजेट ल्याउने र लक्ष्यअनुसार राजस्व संकलन नहुँदा अन्तिममा सरकारको ढुकुटी रित्तिने हुँदा भुक्तानीमा समस्या देखिएको छ। क्षमताभन्दा ठूला योजनाहरू सञ्चालन गर्नु हुँदैन। यस्तो अवस्थामा हामीले शतप्रतिशत कार्यसम्पादन गर्ने अवस्था पनि हुँदैन।

सडक सञ्जाल विकासको मेरुदण्ड हो। यसको विकास बिना अरू विकास प्रभावकारी हुँदैनन्। सरकारको एक्लो प्रयासले मात्र देशको समृद्धि सम्भव छैन। त्यसकारण निजी क्षेत्रलाई काम गराउन सकिने खालको वातावरण सरकारले बनाउनुपर्छ।

आर्थिक वर्ष २०८०/०८१ को अन्त्यमा हाम्रो कार्यालयबाट योजना सम्पन्न गराएर पनि करिब ६ करोड रुपैयाँ भुक्तानी दिन सकेनौं। असारको २२ गते सरकारको सञ्चित कोष रित्तियो भनेर भुक्तानी दिन सकिएन। जसको असर काम लगाउने कार्यालय, काम गर्ने निर्माण व्यवसायीहरू लगायतमा परेको छ। त्यसकारण काम गर्न सकिने र भुक्तानी दिन सकिने मात्र योजनाहरू सरकारले ल्याउनुपर्छ। जिल्ला स्तरमा बसेर त्यसको प्रभावकारी कार्यसम्पादन गर्न हामी तयार छौं।

*(वरिष्ठ इन्जिनियर शाह, सडक पूर्वाधार विकास कार्यालय प्यूठानका निमित्त कार्यालय प्रमुख हुन्।)*

# जुन परिवारै पर्‍यो जहाज दुर्घटनामा

मनोहर पोखरेल | राजविराज

सात जुनीसम्म सँगै बाँच्ने र मर्ने कसम खाएर सात वर्षअघि मात्र बिहेको जग्गेमा सात फन्को घुमेका लोकेश भनिने मनुराज शर्मा र प्रिजा खतिवडाले अन्तिम सास पनि सँगै फेरेका छन्। बुधबार बिहान ११:११ बजे पोखराका लागि उडान भर्ने क्रममा सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा ४ वर्षीय छोरा अधिराजसँगै उनीहरू दुवैले ज्यान गुमाए। दुर्घटनामा शर्मा दम्पतीसहित १८ जनाको मृत्यु भयो।

मर्मत गरिएको पुरानो भनिएको विमान प्राविधिक परीक्षण उडानका लागि पोखरा उडेको थियो। परीक्षण उडान भएकाले पोखरासम्म यात्रुहरू नचढाउने र उडान सफल भएमा पोखराबाट विराटनगर भने यात्रुहरू लिएर उड्ने योजना रहेको मृतकका परिवारका सदस्यले जानकारी दिए।

एयरलाइन्सले आवश्यक प्राविधिक कर्मचारीलाई पोखरासम्म 'फ्री फ्लाइट'मा



मनुराज शर्मा, प्रिजा खतिवडा र अधिराज शर्मा। ● मनोहर पोखरेल

लग्दै थियो। विमान पोखरा जाने भएपछि एयरलाइन्सका प्राविधिक रहेका मनुराजले श्रीमती र छोरालाई पनि सँगै लैजाने योजना बनाए। सपरिवार पोखरा घुमेर फर्किने मनुराजले चाहना व्यक्त गरेपछि काठमाडौं बालकोटमा सँगै बस्ने ससुरा प्रकाश खतिवडाले छोरी प्रिजा र नाति अधिराजलाई विमानस्थल पुर्‍याएर फर्किए। प्रिजा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा कार्यरत छिन् भने अधिराज ४ वर्षका भएका थिए।

जहाज उड्नेबित्तिकै दाहिनेतिर मोडिन गई दुर्घटनाग्रस्त भएर आगो लाग्यो। नेपाल नागरिक उड्डयन प्राधिकरणले जारी गरेको विज्ञप्तिअनुसार जहाज उड्नेबित्तिकै दाहिनेतिर मोडिन गई रनवेको पूर्वतिर रहेको स्थानमा दुर्घटनाग्रस्त हुन पुग्यो। जसमा शर्मा दम्पतीसहित नाबालक छोराको ज्यान गुम्यो। सप्तरीको कञ्चनरूप नगरपालिका घर भएकी प्रिजा र भारतको दिल्ली र रामनगरमा समेत घर भएका काठमाडौं निवासी मनुराजले जीवनभर साथ दिने कसम खाएर २०७४ फागुन २९ गते मंगलबार सुरु गरेका थिए वैवाहिक जीवन। सोचेजस्तै जीवनसाथी पाएर उनीहरू खुसी थिए, बाहिर जाँदा सँगै हुन्थे। उनीहरूको जीवनमा अधिराजको आगमनले खुसी झनै थपिएको थियो।

अधिकांश नवजोडीको इच्छा हुन्छ 'सँगै जिउने अनि सँगै मर्ने'। सँगै बाँच्ने र सँगै मर्ने बाचा कसम खाँदै दाम्पत्य जीवनमा बाँधिने गर्छन् हरेक नवजोडीहरू। त्यसो त जन्म र मृत्युको कुनै ठेगान हुन्न। कमै मात्रामा यस्तो इच्छा पूरा हुन्छ। मृत्यु हुने शर्मा दम्पती त सँगै गए, छोरालाई पनि साथै लिएर गए। तर, यो दुखद संयोगले परिवारका सदस्यमा भने ब्रजपात र अन्यलाई भावविह्वल बनायो।

जीवनका हरेक गोरेटोमा, सुखमा, दुःखमा मनुराज-प्रिजाको हात र साथ कहिल्यै छुटेन। प्रिजाकी फुपू शकुन्तला भन्छिन्, 'जीवनको अन्तिम प्रहरमा पनि दुवै साथै रहे। दुवैले हात समाएरै आफ्नो अन्तिम सास फेरे।'